कुश्मा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुश्मा, पर्वत
गण्डकी प्रदेश, नेपाल

# सहयोग आह्वान सम्बन्धी जरुरी सूचना !!!

मिति :२०७८/०२/०२

कोरोना भाइरस(COVID-19) को नया भेरिएन्ट संगै यसको जोखिमले विश्वभर महामारीको रुप लिइरहेको छ। हाल नेपालमा कोरोना संक्रमितको दर दिनानुदिन बढिरहेको र मृत्युदर पनि उच्च रहेको छ। कोभिड-१९ को जोखिम बढेसंगै यसबाट आम नागरिकले सहज रुपमा स्वास्थ्य सुविधा प्राप्त गर्न कठिनाई उत्पन्न भइरहेको छ ।

गण्डकी प्रदेश र यहाँका जिल्लाहरुमा कोरोना संक्रमणको दर उच्च हुँदै गएको र कुश्मा नगरपालिकामा पनि पछिल्ला दिनहरुमा कोरोना संक्रमितको दर बढिरहेको अवस्थामा अस्पताल लगायत स्वास्थ्य संस्थामा पर्याप्त स्वास्थ्य सामाग्रीहरु ( **अक्सिजन सिलिन्डर, अक्सिजन फ्लो मिटर, पल्स अक्सिमिटर, पि.पि.ई लगायत** ) को अभाव भैरहेको छ ।

स्वास्थ्य सामाग्रीको अभावमा कोरोना संक्रमितको अवस्था झन् जटिल हुँदै जाने र मृत्युवरण गर्नुपर्ने अवस्था विकराल हुँदै गैरहेको परिस्थितिलाई मध्यनजर गर्दै अत्यावश्यक स्वास्थ्य सामग्री खरिद एवम व्यवस्थापनको पुर्व तयारी स्वरूप कुश्मा नगरपालिकाले आफ्नो प्रकोप व्यवस्थापन कोष मार्फत सहयोग आह्वान गरेको छ। विभिन्न सहयोगी मनहरु बाट प्राप्त हुने राहत र सहयोगलाई एकीकृत गर्दै स्वास्थ्य सामग्री खरिद गरि कुश्मा नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थामा उपलब्ध गराउने एवम अन्य स्वास्थ्य केन्द्रहरुलाई समेत सहयोग गर्ने उदेश्यले उक्त कोष मार्फत आर्थिक तथा स्वास्थ्य सामग्री सहयोगको लागि अपिल गरिएको छ ।

सहयोग गर्न इच्छुक महानुभावहरुलाई कुश्मा नगरपालिकाको नेपाल बैंक कुश्मा शाखामा रहेको **"कुश्मा नगरपालिका प्रकोप व्यवस्थापन कोष"** को खाता नं **०६६०३००००७००२०००००२** मा नगद दाखिला गरी सो को भौचरको प्रति कुश्मा नगरपालिकाको इमेल ठेगाना kushmamun@gmail.com मा जानकारी गराई सहयोग गर्नुहुन हार्दिक अनुरोध गर्दछौं। यसरी प्राप्त सहयोग नगरपालिकाको आफ्नो वेबसाइट www.kushmamun.gov.np र नगरपालिकाको फेसबुक पेज मार्फत सार्वजनिक गरिनेछ ।

सम्पूर्ण राष्ट्रिय तथा अन्तराष्ट्रिय व्यक्ति, संघ संस्था, सरकारी, गैरसरकारी संघ संस्था एवम सहयोगी महानुभावहरुलाई नगरपालिकाको तर्फबाट आर्थिक एवम स्वास्थ्य सामग्री सहयोगको लागि हार्दिक अपिल गर्दछौं ।

सहयोगको लागि तपसिल बमोजिमका कर्मचारीहरुलाई सम्पर्क गर्न सकिनेछ :

१. धुर्वराज पौडेल ( अधिकृत सातौं ) - ९८५७६२०१४१

२. उमाकान्त सापकोटा ( स्वास्थ्य शाखा प्रमुख ) - ९७५६७००२१२

३. बिर बहादुर डाँगी ( सह-लेखापाल ) - ९८५७६६०९१२

रामचन्द्र जोशी
नगर प्रमुख

फोन नं : ०६७४२०१४१, वेबसाइट : www. Kushmamun.gov.np , इमेल info@kushmamun.gov.np